# ७ असोज २०८३ मा भएको गाउँ कार्यपालिका बैठकको निर्णयहरू

**निर्णय नं १**

मिति २०८३ साल भाद्र २५ गते सम्पन्न भएको तेश्रो कार्यपालिका बैठकले गरेको निर्णय कार्यान्विनको अवस्थाको समिक्षा गरियो ।

**निर्णय नं २**

गाउँपालिकाको प्रशासकीय भवनको बाँकी दायित्व चालू आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको "प्रशासकीय भवन व्यवस्थापन" शीर्षकमा विनियोजित कुल रु. ५०,००,०००/- (पचास लाख रुपैयाँ) मध्येबाट कच्चावारी स्रेस्ता र रीतपूर्वकको बिल भर्पाइ समेतका आधारमा रु. ४२,३४,५५१।९० भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने ।साथै, आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको "प्रशासकीय भवन व्यवस्थापन" शीर्षकमा विनियोजित कुल रु. ५०,००,०००/- (पचास लाख रुपैयाँ) मध्येबाट प्रशासकीय भवनको बाँकी दायित्व भुक्तानी गरी उक्त शीर्षकमा बाँकी रहने बजेट मध्येबाट रु.७ लाख ५० हजार प्रशासकीय भवन व्यवस्थापनकै अन्य कार्य (कार्पेट, पर्दा,फर्निचर लगाएत) मा खर्च गर्ने ।

**निर्णय नं ३**

ताँमे पर्यटकिय पूर्वाधार निर्माणको काम र यस सम्वन्धमा मुद्धा नं ०८२-WO-१३८० को उत्प्रेषण, परमादेश मुद्धामा सम्मानित उच्च अदालत पाटनको मिति २०८३-०३-१७ को फैसलाको विषयमा आवश्यक कानूनी परामर्श गरी अर्को कार्यपालिका बैठकमा थप निर्णय गर्ने ।

**निर्णय नं ४**

प्रिति अस्पताल उमाकुण्ड ४ स्थापना भए देखि आर्थिक वर्ष २०८२/०८३ र हालको २०८३/०५/३१ सम्मको र बाम्ती आधारभूत अस्पताल (साविक बाम्ती स्वास्थ्य चौकी) को आर्थिक वर्ष २०८२/०८३ को र हालको २०८३/०५/३१ सम्मको आम्दानी खर्चको आर्थिक विवरण सम्वन्धमा आवश्यक छानविन गरी मिति २०८३ मंसिर ११ गते भित्र प्रतिवेदन पेश गर्न तपशिल बमोजिमको छानविन समिति गठन गर्ने ।

श्री सम्वन्धित वडाका वडा अध्यक्ष-संयोजक

श्री अभिजीत सुनुवार-सदस्य(स्वास्थ्य शाखा प्रमुख)

श्री पुस्कर देव गिरी-सदस्य(आर्थिक प्रशासन शाखा प्रमुख)

श्री प्रकाश अधिकारी-सदस्य(आन्तरिक लेखा परिक्षक)

श्री सम्वन्धित अस्पताल प्रमुख-सदस्य

**निर्णय नं ५**

उमाकुण्ड गाउँपालिकाको वातावरण तथा प्राकृतिक श्रोत संरक्षण कार्यविधि २०८३ स्वीकृत गर्ने ।

**निर्णय नं ६**

उत्तम कुमार सुनुवार समेत निवेदक भइ उमाकुण्ड गाउँपालिका समेत विपक्षी भएको रिट निवेदन उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गामा दायर भएकोमा सोको म्याद गाउँपालिकालाई प्राप्त भएकोले उमाकुण्ड गाउँपालिकाको तर्फबाट सम्मानित अदालतमा उपस्थित भई लिखित जवाफ पेश गर्ने लगाएतका कार्य गर्ने गरी ओखलढुङ्गा जिल्ला, सुनकोशी ८ बस्ने (ना.प्र.प.नं. ९/१२८६/२८५१३/५७७) अधिवक्ता श्री गिता बुढाथोकी लाई अख्तियारी दिने ।

**निर्णय नं ७**

उमाकुण्ड गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन (पहिलो संसोधन) कार्यविधि २०८३ र कार्यसञ्चालन (पहिलो संसोधन) निर्देशिका २०८३ स्वीकृत गर्ने ।



उमाकुण्ड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्रिती, रामेछाप बागमती प्रदेश, नेपाल